**करार सेवामा कार्यरत कर्मचारीको लागि सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने मापदण्ड २०८२**

**प्रस्तावनाः**

नेपालको संविधानको धारा ३४ को उपधारा (२) मा भएको व्यवस्था र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२)ले दिएको अधिकार प्रयोग गरी तमानखोला गाउँपालिकामा कार्यरत करार सेवाका कर्मचारीलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गरी सामाजिक सुरक्षा प्रदान गर्न वाञ्छनीय भएकाले तमानखोला गाउँपालिकाको गाउँ कार्यपालिकाले यो मापदण्ड बनाई लागू गरेको छ ।

**परिच्छेद - १**

**संक्षिप्त नाम र प्रारम्भः**

**१.१ यो मापदण्डको नामः** " करार सेवामा कार्यरत कर्मचारीहरूलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने मापदण्ड २०८२" रहनेछ ।

१.२. यो मापदण्ड कार्यपालिकाको बैठकबाट स्वीकृत भए पश्चात प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा :

२.१."मापदण्ड" भन्नाले "करार सेवामा कार्यरत कर्मचारीहरूलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने मापदण्ड २०८२" भन्ने सम्झनुपर्छ ।

२.२ "ऐन" भन्नाले सामाजिक सुरक्षा ऐन २०७४ लाई सम्झनु पर्छ ।

२.३ कोष भन्नाले सामाजिक सुरक्षा कोषलाई सम्झनु पर्छ ।

२.४ योगदान" भन्नाले सामाजिक सुरक्षा योजना अन्तर्गतको सुविधा प्राप्त गर्न श्रमिक र रोजगारदाताले नियमित रूपमा कोषमा जम्मा गरेको वा गर्नु पर्ने रकमलाई सम्झनु पर्छ ।

२.५ योगदान योग्य आय" भन्नाले श्रमिकले प्रत्यक्ष वा अप्रत्यक्ष रोजगारीबाट दैनिक, साप्ताहिक, पाक्षिक वा मासिक रूपमा प्राप्त गर्ने प्रचलित कानून बमोजिम कर कट्टी गर्नु पूर्वको आधारभूत पारिश्रमिक सम्झनु पर्छ ।

२.६ "योगदानकर्ता" भन्नाले सामाजिक सुरक्षा योजनामा सूचीकृत भई सामाजिक सुरक्षा नम्बर लिएको श्रमिक, सरकारी सेवामा बहाल रहेको व्यक्ति वा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको सरकारी कोषबाट पारिश्रमिक पाउने व्यक्ति सम्झनु पर्छ ।

२.७ "श्रमिक" भन्नाले पारिश्रमिक लिई रोजगारदाताको लागि शारीरिक वा बौद्धिक कार्य गर्ने कामदार, कर्मचारी वा जुनसुकै पदनाम दिई काममा लगाइएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले समितिको सिफारिसमा मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिकलाई समेत जनाउँछ ।

२.८ "श्रमशक्ति" भन्नाले श्रम बजारमा आर्थिक रुपले सक्रिय रहेको वा हुन सक्ने अठार वर्षदेखि साठी वर्षसम्मको उमेरसमूहको कुनै किसिमको रोजगारमा नरहेको नेपाली नागरिक सम्झनु पर्छ ।

## परिच्छेद -२

## सामाजिक सुरक्षा योजनामा सहभागिता

**३. करारमा कार्यरत कर्मचारीको विवरण अद्यावधिक गर्नुपर्नेः**

यस गाउँपालिका बाट सामाजिक सुरक्षा कोष हेर्ने गरी नियम (४) बमोजिम तोकिएको सम्पर्क व्यक्तिले करार सेवामा कार्यरत कर्मचारीको विवरण र नियुक्तिपत्र संकलन गरी अद्यावधिक गर्नुपर्ने छ।

**४. सम्पर्क व्यक्ति सम्बन्धी व्यवस्थाः**

सामाजिक सुरक्षा कोष र गाउँपालिका बीच समन्वय र तोकिएको कामकाज गर्न सम्पर्क व्यक्ति तोक्नु पर्ने छ । सम्पर्क व्यक्तिका कार्यविवरण देहाय बमोजिम हुनेछन् ।

- गाउँपालिकालाई रोजगार दाताको रूपमा सूचीकृत गर्न आवश्यक व्यवस्था गर्ने ।
- करार सेवामा कार्यरत कर्मचारीलाई योगदान कर्ताको रुपमा सुचीकृत गर्ने ।
- सुचीकृत योगदान कर्ताको परिचय पत्र व्यवस्थापन सम्बन्धी काम गर्ने ।
- सामाजिक सुरक्षा कोषमा सहभागि हुन चाहने तथा सहभागी भएका कर्मचारीको विवरण अद्यावधिक गरी राख्ने ।
- योगदानमा आधारित सामाजिक सुरक्षा कोष सँग सम्बन्धित अन्य काम गर्ने ।

**५. समयावधि सम्बन्धी व्यवस्थाः** यस मापदण्ड बमोजिम योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध हुन नियुक्ति पत्र लिई करार सेवामा कार्यरत कर्मचारीले छ महिला सम्म निरन्तर सेवा गरेको हुनुपर्ने छ ।

**६. नियुक्ति र कामकाज सम्बन्धी ब्यबस्थाः**

यस मापदण्ड बमोजिम सामाजिक सुरक्षा कोषमा आवद्ध हुन नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट करार सेवामा नियुक्ति लिई यस गाउँपालिकाबाट सेवा प्रवाह गर्ने गरी तोकिएको हुनपर्ने छ ।

**७. निवेदन दिनु पर्नेः**

यस मापदण्ड बमोजिम कोषमा आवद्ध हुन गाउँपालिकाले अनुसूची १ बमोजिमको ढाचाँमा निवेदन माग गर्ने छ । निवेदन माग बमोजिम सहभागी हुन चाहने कर्मचारीले तोकिएको समयावधि भित्र निवेदन दिनु पर्ने छ । कोषमा आवद्ध हुने बिषय स्वेच्छिक हुनेछ ।

## परिच्छेद -३

## योगदान सम्बन्धी व्यवस्था

**८. कर्मचारीले योगदान गर्नु पर्नेः**

यस मापदण्ड बमोजिम सामाजिक सुरक्षा कोषमा आवद्ध हुन करार सेवामा कार्यरत कर्मचारीले नेपाल सरकार सामाजिक सुरक्षा मन्त्रालयले तोकेको न्युनतम ज्यालालाई आधार मानी सो को ११ प्रतिशतले हुन आउने रकम योगदान गर्नुपर्ने छ । जुन रकम गाउँपालिकाले तलव भत्ता निकाशा गर्दा मासिक रुपमा कट्टा गरी बाँकी रकम भुक्तानी गर्नु पर्ने छ ।

**९. रोजगार दाता (गाउँपालिका) ले थप गर्नुपर्नेः**

(१) करार सेवामा कार्यरत कर्मचारीले खाइ पाई आएको तलब भत्ता नियमानुसार भएता पनि सामाजिक सुरक्षा कोषमा आवद्ध हुने प्रयोजनको लागि देहाय बमोजिमको व्यवस्था गर्नुपर्ने छः

- नेपाल सरकार सामाजिक सुरक्षा मन्त्रालयले तोकेको न्युनतम ज्याला रकम लाई आधार मानी २० प्रतिशत थप गर्नु पर्ने छ ।
- सम्बन्धित कर्मचारीबाट कट्टा गरिएको ११% तथा गाउँपालिकाले थप गरेको २०% गरी जम्मा ३१% हुन आउने रकम सम्बन्धित कर्मचारीको सामाजिक सुरक्षा कोषमा जम्मा गरिदिनु पर्ने छ ।

(२) उपनियम (१) मा जे लेखिएको भएता पनि योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा रकम जम्मा गर्दा देहाय बमोजिमको मापदण्डलाई आधार मानिने छ ।

क) यस गाउँपालिकामा करार सेवामा कार्यरत कर्मचारीले पाउने पारिश्रमिक रकम नेपाल सरकार सामजिक सुरक्षा मन्त्रालयले तोकेको न्युनतम पारिश्रमिकको ८० प्रतिशत थप गर्दा हुन आउने रकम भन्दा कम पारिश्रमिक भएमा न्युनतम पारिश्रमिकलाई आधार मानी योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा जम्मा गरिने छ ।

ख) यस गाउँपालिकामा करार सेवामा कार्यरत कर्मचारीले पाउने पारिश्रमिक रकम नेपाल सरकार सामजिक सुरक्षा मन्त्रालयले तोकेको न्युनतम पारिश्रमिकको ६० प्रतिशत थप गर्दा हुन आउने

रकम भन्दा बढी पारिश्रमिक भएमा न्युनतम पारिश्रमिकको ४०% थप गरी प्राप्त हुने रकमलाई आधार मानी योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा जम्मा गरिने छ ।

**१०. योगदान गर्नु नपर्ने:** यस मापदण्ड बमोजिम सामाजिक सुरक्षा कोषमा आवद्ध कर्मचारीको सेवा समाप्त भइ अवकास प्राप्त गरेमा रोजगार दाताबाट थप गर्नुपर्ने रकम जम्मा हुने छैन ।

**११. सेवा तथा सुविधा सम्बन्धी ब्यबस्था:**

योगदान कर्ताले आफुले योगदा गरेवापत पाउने सेवा तथा सुविधा योगदानमा आधारित सामाजिक सुरक्षा ऐन २०७४ र योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली २०७५ मा व्यवस्था भए बमोजिम हुनेछ । यो मापदण्ड ऐन तथा नियमावलीसँग बाझिएमा बाजिएको हदसम्म अमान्य हुनेछ ।

तमानखोला गाउँपालिका

**अनुसूची -१**

**(नियम ७ सँग सम्बन्धित)**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
तमानखोला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
बुर्तिबाङ, बागलुङ ।

विषयः सामाजिक सुरक्षा कोषमा आवद्ध हुन पाउँ ।

महोदय,

प्रस्तुत विषयमा म यस तमानखोला गाउँपालिकाको ............................................ शाखा/वडा/ मा .............................. देखि कार्यरत कर्मचारी श्री .......................................... सामाजिक सुरक्षा कोषमा आवद्ध हुन इच्छुक रहेकाले सहभागि गराइदिनुहुन बिनम्र अनुरोध गर्दछु ।

आवश्यक कागजात यसै निवेदन साथ संलग्न छन् ।

- नेपाली नागरिकताको प्रतिलिपी
- सुरू नियुक्तिपत्रको प्रतिलिपी
- करार सेवा थप गरिएको पत्र
- पासपोर्ट साइजको फोटो २ प्रति
- सेवा प्रमाणित प्रतिलिपि

.................

निवेदक

नामः

ठेगानाः

पदः

नियुक्ति मितिः

तमानखोला गाउँपालिका